# लुम्बिनी प्राविधिक विश्वविद्यालय

## LUMBINI TECHNOLOGICAL UNIVERSITY

### सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०२)

यस विश्वविद्यालयको चालु आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार पदाधिकारीहरुको प्रयोगका लागि ५ सिट क्षमताको हलुका सवारी साधन कार्यालयले इन्धनको व्यवस्था गर्ने गरी २०८३ असार मसान्तसम्मका लागि भाडमा लिने निर्णय भएकोले इच्छुक फर्महरुले के कति दररेटमा सवारी साधन उपलब्ध गराउन सक्ने हो तोकिए बमोजिमको फाराम भरी आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस विश्वविद्यालयको केन्द्रीय कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ । पेश भएका शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ८ औं दिन बिहान ११.०० बजे खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन ११.०० बजे खोलिनेछ ।

**शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु:**

१. सवारीको नविकरण भएको ब्लुबुकको प्रतिलिपी १ प्रति ।

२. फर्मको फर्म दर्ता, आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्र ।

३. सवारी चालकको नविकरण भएको चालक अनुमतिपत्रको प्रतिलिपी १ प्रति ।

४. चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।

५. विमा भएको प्रमाणको प्रतिलिपी १ प्रति ।

**न्युनतम शर्तहरु:**

- सवारी साधन राम्रो कन्डिसनको हुनु पर्नेछ ।
- सवारी चालकको तलव भत्ता सवारी धनीले गर्नु पर्नेछ ।
- सवारी साधनको मर्मत संभार र सर्भिसिङ्गको व्यवस्था सवारी धनी स्वयमले गर्नुपर्नेछ ।
- सवारी भाडामा लिए पश्चात सवारी साधन २४ सै घण्टा कार्यालयको नियन्त्रणमा रहनेछ ।
- कार्यलयको अनुमति बिना अन्य प्रयोजनमा सवारी साधन प्रयोग गर्न पाईनेछैन ।
- प्रस्तावित रकममा नियमानुसार कर कट्टा गरिनेछ ।
- संभावित दैविप्रकोपबाट हुने क्षतिको सम्बन्धमा स्वयम सवारी धनी जवाफदेही हुनेछ ।
- सवारी बिग्रिएर सेवा दिन असमर्थ भएमा वैकल्पिक सवारीको व्यवस्था गर्ने जिम्मेवारी सवारी धनीको हुनेछ । अन्यथा उक्त अवधी भरको दिनगन्तीका हिसाबले रकम कट्टा गरिनेछ ।
- अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
- उल्लेख नभएका शर्तको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

थप जानकारीका लागि कार्यालयको योजना शाखामा सम्पर्क गर्न सकिनेछ ।

कुलसचिव

मितिः

श्री कुलसचिवज्यू,

लुम्बिनी प्राविधिक विश्वविद्यालय,

विषयः सवारी साधन भाडाका लागि दररेट पेस गरेको सम्बन्धमा ।

महोदय

उपर्युक्त सम्बन्धमा लुम्बिनी प्राविधिक विश्वविद्यालय नेपालगन्ज, बाँकेको मिति २०८२/०४/०२ मा सवारी भाडामा लिने सम्बन्धी ७ दिने सूचना जारी भएको र मेरो तपशिल बमोजिमको विवरणको सावरी भाडामा दिन ईच्छुक भएकोले सवारी भाडामा दिनका लागि आवश्यक कागजात सहित विनम्र अनुरोध साथ यो प्रस्ताव पत्र पेश गरेको छु ।

तपशिलः

सवारी धनीको नामथरः

ठेगानाः

सवारी नम्बरः

मोडेल नं.:

सवारीको सिट क्षमताः

लिन चाहेको सवारीको मासिक भाडा रू.

निवेदकः

नाम थरः

ठेगानाः

हस्ताक्षरः

फर्मको नामः

प्यान नंः